# सरावल गाँउपालिका

## नवलपरासी, (बर्दघाट सुस्ता पश्चिम)

## स्थानीय राजपत्र



| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः६ | माघ महिना १४ गते, २०८० |



## भाग २

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा २ बमोजिम सरावल गाउपालिकाको गाउँसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**कार्यविधिको नामः सरावल गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७९ को प्रथम संसोधन २०८०**

सरावल गाउँपालिका

**सरावल गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७९ को प्रथम संसोधन २०८०**

स्वीकृत मिति २०८०/०८/२४
प्रमाणिकरण मितिः- २०८०/१०/१४
प्रकाशित मितिः२०८०/१०/१४

सरावल गाउँपालिका, नवलपरासीको आर्थिक बर्ष २०७०/०८० सरावल गाँउपालिकाको सरावल गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७९ लाई संसोधन गर्न वाञ्छनीय भएकोले सरावल गाउँपालिका, नवलपरासीको मिति २०८०/०८/२४ गतेको कार्यपालिका बैठकले यो कार्यबिधिसोधन गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "**सरावल गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७९ को प्रथम संसोधन, २०८०**" रहेको छ ।

(२)यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. सरावल गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७९ को दफा ५ को (क) र (घ) मा संसोधनः**

(क) संस्थाको आमभेलाले निर्णय गरी अनुसूची १ बमोजिमको ढाँचामा सोही निवेदनमा उल्लिखित कागजातहरु समावेश गरी संस्था सूचीकरणका लागि वडा कार्यालयको सिफारिसमा गाउँकार्यपालिको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(घ) वडा कार्यालयले यस दफा बमोजिम संस्था सूचीकृत गरेको विवरण मासिक रुपमा कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

**२. सरावल गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७९ को अनुसूचि- १ मा संशोधनः** टोल विकास संस्थालाई गाउपालिकामा सूचीकृत/दर्ता गर्ने निवेदन

सरावल गाउँपालिका

गा.पा. अध्यक्ष ज्यू समक्ष दिने तथा टोल विकास संस्था सूचीकृत/दर्ता प्रमाण-पत्र प्रमुख प्रशासकीय अधिकृत ज्युबाट प्रमाणित हुने

**नमुना**

मितिः .......................

श्री गा.पा. अध्यक्ष ज्यू
सरावल गाउँकार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (ब.सु.प.) ।

विषयः टोल विकास संस्था सूचीकृत गर्ने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस गाउँपालिका को वडा नं ...... स्थित ................टोलमा गठन गरिएको .............................. टोल विकास संस्थालाई .....................................सूचीकृत गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु । यस ................................. टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ ।

<u>संलग्नः</u>

टोल भेलाको उपस्थिति र निर्णय।
कार्य समितिका सदस्यहरुको नाम थर।

पूर्व सिमानाः ...................................
पश्चिम सिमानाः ..............................
उत्तर सिमानाः ...............................
दक्षिण सिमानाः ..............................
हालका जम्मा घरधुरीः

निवेदक

समितिको तर्फबाट
अध्यक्षको नामः ...................................
टोल विकास संस्थाको नामः ..............
ठेगानाः ..........................

सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टोल विकास संस्था सूचीकृत/दर्ता प्रमाण-पत्र

सरावल गाउँपालिका

सरावल गाउँपालिका वडा नं. ..............स्थित .....................................मा गठन भएको ....................................................टोल विकास संस्थालाई यस कार्यालयमा मिति.................मा सूचीकृत/दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

यस गाउपालिकापालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पुर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस टोल विकास संस्थाको सक्रीय सहभागिताको अपेक्षा गर्दछु ।

...........................
प्रमुख प्रशासकीय अधिकृत

सरावल गाँउपालिका

**आज्ञाले**
**विशाल मिश्रा**
**प्रमुख प्रशासकीय अधिकृत**